# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७४ चैत्र १९

## पक्राउ परेका व्यक्तिहरूको अवस्था सार्वजनिक गर ।

नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ता भनिएका सुरज राई, रोशन ढकाल, लक्ष्मण कार्की, सुरेशकुमार राई र मोहन कार्कीलाई जिल्ला अदालत सुनसरीको प्रवेशद्वारबाट नेपाल प्रहरीले नियन्त्रणमा लिई अवस्था सार्वजनिक नगरेको भनी आयोगमा प्राप्त सूचनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगलाई प्राप्त जानकारी अनुसार निजहरुलाई २०७४ चैत्र १८ गते बन्दीप्रत्यक्षीकरणको आदेशले सुनसरी जिल्ला अदालतबाट रिहा भए लगत्तै साँझ ६:२० बजे नेपाल प्रहरीले नियन्त्रणमा लिएको बुझिएको छ । यस सम्बन्धमा आयोगको टोलीले जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायव उपरीक्षक नारायण चिमरियासँग बुझ्दा उनीहरूलाई जिल्ला प्रहरी कार्यालय झापाले पक्राउ गरेको भनी जानकारी गराइए पनि सो सम्बन्धमा झापा जिल्ला प्रहरी प्रमुख विष्णुकुमार के.सी.ले उनीहरूलाई पक्राउ नगरेको भनी आयोगको टोलीलाई गराएको जानकारीबाट उनीहरूको अवस्था वेपत्ता रहेको बुझिएको छ । सो सम्बन्धमा लिखित जानकारी माग गरी आयोगको विराटनगर कार्यालयले आजै सम्बन्धित सुरक्षा निकायसँग पत्राचार समेत गरेको छ ।

अत: नेपालको संविधानले कुनैपनि व्यक्तिलाई प्रदान गरेको न्याय सम्बन्धी हकको प्रचलनमा अवरोध नगर्न, मौलिक हक प्रचलनको सुनिश्चितता सहित अदालतको आदेशको सम्मान गरी पक्राउ परेका व्यक्तिहरुको अवस्था अविलम्ब सार्वजनिक गर्न र आयोगलाई सोको जानकारी गराउन आयोग सम्बन्धित प्रहरी कार्यालयलाई आग्रह गर्दछ । साथै, व्यक्तिको मानव अधिकारको सम्मान र संरक्षणको सुनिश्चितताका लागि मातहतका निकायहरूलाई निर्देशन दिन नेपाल सरकार र नेपाल प्रहरीलाई विशेष आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547873, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@?nhrcnepal.org, Website: mvw.nhrcnepal.org